आज मिति २०८०।०६।१० गते बुधवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१  वैठक सङ्ख्या: २१  समय : विहान १०:०० बजे  स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत वहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारी:

१. श्री रुपक अधिकारी

२. श्री यज्ञ कुमार बस्नेत

२. श्री अमर कुमार श्रीवास्तव

४. श्री विक्रम बस्नेत

५. श्री प्रकाश रावल

सहयोगी कर्मचारी:

१. श्री अमिता लामा

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२१ मिति २०८० असोज १०

**प्रस्तावहरु:**

१ : २०औ बैठकको समीक्षा सम्वन्धमा ।
२ : प्राप्त परिपत्रहरुको जानकारी सम्वन्धमा ।
३ : स्वास्थ्य शिविर सम्वन्धमा।
४ : संघीय समपूरक अनुदान देउराली स्कुल जाने बाटो र पुल निर्माण सम्वन्धमा ।
५ : सहकारी दर्ता तथा नवीकरण सम्वन्धमा ।
६ : प्रशासनिक भवनको IEE/DPR सम्बन्धित निकायमा पठाउने सम्वन्धमा ।
७ : टोल विकास समितिको लेखापरिक्षण सम्वन्धमा ।
८ : उमावि पालिका अनुदान शिक्षकको पारिश्रमिक सम्वन्धमा ।
९ : आर्थिक सहायता सम्वन्धमा ।
१०: खेलकुद सञ्चालन सम्वन्धमा ।
११: भीमसेनस्थान विकास कोष कार्यविधि तर्जुमा गर्ने सम्वन्धमा ।
१२: प्रतिमा स्थापना गर्न आर्थिक सहयोग गर्ने सम्वन्धमा ।
१३: विविध सम्वन्धमा ।

**निर्णयहरु:**

१: गत २०औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

२: संघ, प्रदेश र अन्य निकायवाट प्राप्त परिपत्र सम्वन्धमा जानकारी लिइयो ।

३: यहि असोज १३ गते शनिवारका दिन प्रकाश मावि भुम्लुटारमा आयोजना हुन लागेको मुटु सम्वन्धी स्वास्थ्य शिविरका जनशक्तिलाई खाजाखानाका लागि रु१,५०,०००/- (एक लाख पचास हजार) तथा विरामी ओसारपसारका लागि रु.४०,०००/- (चालिस हजार मात्र) स्वास्थ्य शिविर संचालन शीर्षकबाट व्यवस्या गर्ने ।

४: क) संघीय प्रदेश अन्तर्गत समपूरक र विशेष अनुदान अन्तर्गतका बजेटको पूर्ण कार्य गर्न तथा बजेट फिर्ता नहुने व्यवस्थाका लागि योजनाहरुको बोलपत्र गर्दा बजेटको बढीमा २० प्रतिशत लागत अनुमान तयार गरी बोलपत्र आव्हान गर्ने ।

ख) देउराली स्कुल जाने वाटो र पुल निर्माण शीर्षक अन्तर्गत संघ र यस पालिकावाट ८०/८० लाख गरी जम्मा रु १ करोड ६० लाख विनियोजन भएकोमा प्रचलित नर्म्स र दररेट बमोजिम १ करोड ९३ लाख ४४ हजार ९ सय ७ रुपैया ३३ पैसा लागत अनुमान तयार भएकोले बोलपत्र गर्दा उक्त लागत अनुमानमा घटाघट हुने भएकोले सोही प्राविधिक लागत अनुमान बमोजिम बोलपत्र आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

५: देहाय बमोजिमका सहकारीहरुको दर्ता, विनियम संशोधन तथा नवीकरण गर्ने ।

क) जीवीकोपार्जन दुग्ध उत्पादन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, भुम्लु-९, ज्याम्दी दर्ता गरी प्रमाणपत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

ख) स्टयाण्डर्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भुम्लु-१० को प्रचलित सहकारी ऐन नियम बमोजिम विनियम संशोधन गरी गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र विस्तार गर्न निर्देशन गर्ने ।

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२१ मिति २०८० असोज १०

६: प्रशासनिक भवनको IEE/DPR सम्बन्धित निकायमा पठाउने सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) IEE प्रतिवेदनको लागि जिल्ला वन कार्यालयलाई सिफारिस गर्ने ।

ख) प्रशासनिक भवनको जग्गा प्राप्तिको लागि स्वीकृत IEE/DPR प्रतिवेदन तथा आवश्यक कागजातहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउन पत्राचार गर्ने ।

७: हाल यस गाउँपालिका अन्तर्गत वडाहरुमा ३० वटा टोल विकास समिति दर्ता भएको ~~तर १६ वटा टोल विकास समितिहरुले मात्र कार्यसञ्चालन गरेको पाइएकोले~~ उक्त ~~१६~~ ३० वटा टोल विकास समितिहरुलाई लेखापरीक्षण गराउन प्रत्येक टोल विकास समितिलाई रु.५०००/- (पाँच हजार मात्र) का दरले रु.१,५०,०००/- (एक लाख पचास हजार मात्र) उपलब्ध गराउने।

८: गाउँपालिकाको आन्तरिक श्रोतबाट अरुणोदय मावि र जनता माविको लागि २/२ जना +२ (प्लस टु) शिक्षक खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा काममा लगाउनु पर्ने भएकोले निजहरुको न्यूनतम पारिश्रमिक रु.४५,०००/- (पैतालिस हजार मात्र) तोक्ने ।

९: आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो।

**यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो**

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तारा बहादुर श्रेष्ठ | भुम्लु-२ | २००००/- | अविरल वर्षाको कारण गोठ बिग्रेको र गाईवस्तु समेत घाइते भएको (विपद् व्यवस्थापन कोषबाट दिने) |
| २ | भरत परियार | भुम्लु-७ | ५०००/- | निज लामो समयदेखि प्यारालाइसिस भएको |
| ३ | बाबुराम तामाङ | भुम्लु-३ | ५०००/- | निज दुर्घटनामा परी बाँया हात भाँचिएको |
| ४ | गोमादेवी बुढाथोकी | भुम्लु-८ | १००००/- | निज कलेजो र फोक्सोको बिरामी भएको |
| ५ | नेपाल प्रेस युनियन | काभ्रे | १००००/- | जिल्ला अधिवेशनमा आर्थिक सहयोग माग गरेको |
| ६ | एलिना दास | भुम्लु-४ | २५०००/- | गरीब दलित समुदाय भएको कारण अध्ययनलाई निरन्तरता दिन नसकेको |
| ७ | गिता बुढाथोकी | भुम्लु-१० | १००००/- | निज बिरामीको आर्थिक अवस्था कमजोर भएकोले उपचार गराउन आर्थिक सहयोग माग गरेको |
| ८ | रञ्जु कुमारी पराजुली | भुम्लु-९ | १००००/- | बेद बहादुर पराजुलीको श्रीमति मृगौला रोगबाट ग्रसित भएको |
| ९ | प्रहरी चौकी दोलालघाट | दोलालघाट | १५००००/- | प्रहरी चौकीको माथिल्लो तल्ला थपको लागि आर्थिक सहयोग माग गरेको (विपद् व्यवस्थापन कोषबाट दिने) |
| १० | शेष बहादुर ठकुरी | भुम्लु-१० | २५०००/- | क्रिया खर्च (मिति २०८०/०५/१२ को का.पा. निर्णय संशोधन गरी कायम भएको) |

प्रमाणित

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२१ मिति २०८० असोज १०

१०: विजया दशमीको शुभ उपलक्ष्यमा फुटबल विधामा गाउँपालिका स्तरीय प्रथम जनजागरण गोल्ड कप आयोजना गर्न खेलकुद शीर्षकबाट जनजागरण समाज युवा क्लब, भुम्लु-५, सल्लेलाई सि.नं.४८७, शिक्षा, विविध खर्च शीर्षकबाट रु.२,००,०००/- (दुई लाख मात्र) विनियोजन गरी आगामि गाउँसभामा अनुमोदन गर्ने ।

११: भीमसेनस्थान विकास कोष कार्यविधि विधेयक समितिले तर्जुमा गरी आगामि कार्यपालिका बैठकमा पेश गर्ने ।

१२: दुलालेश्वर वातावरणीय तथा समाज सेवा क्लबलाई पूर्व श्रमराज्य मन्त्री गोविन्दनाथ उप्रेतीज्यूको प्रतिमा दोलालघाट बेलडाँडा चिल्ड्रेन पार्कमा स्थापना गर्ने ।

१३: विविध

क) कृषि स्नातकको पदपूर्ति सम्बन्धमा यस अघि आ.व. ०७९/८० मा खुला प्रतिस्पर्धाबाट योग्यताक्रमानुसार १ (एक) क्रम संख्यामा छनौट भएका बैकल्पिक उम्मेदवारलाई करार सम्झौता गरी काममा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

ख) चामुण्डा आधारभूत विद्यालयको खानेपानी मर्मत तथा सम्भारको लागि रु.१९०३५/- उपलब्ध गराउने।

ग) दशै तिहार अघि मिति २०८०/०६/२२ गते प्रत्येक वडामा व्यापार व्यवसायको अनुगमन गर्ने ।

घ) दशै तिहारमा सार्वजनिक सवारीसाधनको आवतजावतलाई सहज बनाउन बाटो सरसफाइ तथा मर्मत सम्भारको लागि प्राविधिकको न्यूनतम लागत अनुमानका आधारमा विपद् व्यवस्थापन कोषबाट कार्य अघि बढाउने ।

ङ) नवज्योति प्रा.वि., भुम्लु-१ लाई फर्निचर तथा कार्यालय व्यवस्थापनको लागि रु.३०,०००/- कार्यालय सञ्चालन शीर्षकबाट उपलब्ध गराउने ।

च) सार्वजनिक यातायात भाडा समायोजन तथा विविध विषयमा सम्बन्धित यातायात व्यवसायी समिति संग छलफल गर्न पत्राचार गर्ने ।

छ) सामुदायिक वन व्यवस्थापन महासंघलाई कार्यालय व्यवस्थापन तथा वन व्यवस्थापन कार्यमा सहजीकरण गर्नको लागि वन साझेदारी कार्यक्रम शीर्षकबाट रु.४०००००/-(चार लाख मात्र) छुट्टयाउने ।

ज) सल्ले चौवास सामुदायिक वनलाई IN-LIFT को साझेदारीमा रु.४०००००/- (चार लाख मात्र) छुट्टयाउने।